= वि.सं. २०४२ मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ९० संख्याको नेपाली खण्डका १५-१८ पृष्ठमा छापिएको, श्यामसुन्दर राजवंशीको *राजा महीन्द्रसिंहदेव (भाष्कर* (यस्तै छ) *मल्ल)को तमसुक ताडपत्र*।

श्यामसुन्दर राजवंशी २०५०

= ई.सं. १९९३ (वि.सं. २०५०) मा ललितपुरबाट दीपकराम जोशीद्वारा प्रकाशित *रोलम्ब* १३ वर्ष ३ अङ्कको नेपाली खण्डका १५-१६ पृष्ठमा छापिएको, श्यामसुन्दर राजवंशीको *इन्द्रायणी गुठी सम्बन्धी तमसूक ताडपत्र*।

सिद्धिरत्न शाक्यभिक्षु २०५६

= वि.सं. २०५६ मा काठमाडौंबाट श्री ५ को सरकार युवा, खेलकूद तथा संस्कृतिमन्त्रालय, पुरातत्त्वविभागको राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* १७ अङ्कका ५६-८२ पृष्ठमा छापिएको, सिद्धिरत्न शाक्यभिक्षुको *भूमि सम्बन्धी ताडपत्रहरू*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



सिद्धिरत्न शाक्यभिक्षु २०५७

= वि.सं. २०५७ मा काठमाडौंबाट श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रालय, पुरातत्त्वविभागको राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* १८ अङ्कका ५६-७६ पृष्ठमा छापिएको, सिद्धिरत्न शाक्यभिक्षुको *भूमि सम्बन्धी तमसूक ताडपत्र*।

सिद्धिरत्न शाक्यभिक्षु २०५९

= वि.सं. २०५९ मा काठमाडौंबाट श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रालय, पुरातत्त्वविभागको राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* २० अङ्कका ५८-७९ पृष्ठमा छापिएको, सिद्धिरत्न शाक्यभिक्षुको *भूमि सम्बन्धी केही तमसुक ताडपत्रहरू*।

सिद्धिरत्न शाक्यभिक्षु २०६०

= वि.सं. २०६० मा काठमाडौंबाट श्री आकाश भैरवनाथ (यस्तै छ) मन्दिर जीर्णोद्धार समितिद्वारा प्रकाशित *श्री आकाश भैरवनाथ मन्दिर जीर्णोद्धार*का २७-३१ पृष्ठमा छापिएको, सिद्धिरत्न शाक्यभिक्षुको *वंग: लागाया "थथु लायकू"* (इन्द्रचोकइलाकाको थथु-दरबार)।

हरिराम जोशी २०३७

= वि.सं. २०३७ मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षामन्त्रालय, पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ५८ संख्याको नेपाली खण्डका ५-२९ पृष्ठमा छापिएको, हरिराम जोशीको *मध्यकालीन अभिलेख*।

हरिराम जोशी २०४०[६]

= ई.सं. १९८३ (वि.सं. २०४०) मा ललितपुरबाट जोशी रिसर्च इन्स्टिटचुटद्वारा प्रकाशित *रोलम्ब* ३ वर्ष ४ अङ्कको नेपाली खण्डको २४ पृष्ठमा छापिएको *इतिहासको कुरा*।

हरिराम जोशी २०४० क[७]

= ई.सं. १९८४ (वि.सं. २०४०) मा ललितपुरबाट जोशी रिसर्च इन्स्टिटचुटद्वारा प्रकाशित *रोलम्ब* ४ वर्ष १ अङ्कको नेपाली खण्डका ३२-३४ पृष्ठमा छापिएको *इतिहासको कुरा*।

हरिराम जोशी २०४१[८]

= ई.सं. १९८४ (वि.सं. २०४१) मा ललितपुरबाट जोशी रिसर्च इन्स्टिटचुटद्वारा प्रकाशित *रोलम्ब* ४ वर्ष २ अङ्कको नेपाली खण्डका १८-१९ पृष्ठमा छापिएको *इतिहासको कुरा*।

---

६. कसले यो सामग्री प्रस्तुत गरेको हो, त्यो कुरा त्यहां नखुलाइएकोले सम्पादक हरिराम जोशीकै नाउंमा यो लेख दर्ता गरिएको छ।

७. कसले यो सामग्री प्रस्तुत गरेको हो, त्यो कुरा त्यहां खुलाइएको छैन। त्यसैले *रोलम्ब*मा छापिएका यस्ता लेख मैले अधिअधि *रोलम्ब*कै नाउंमा दर्ता गर्ने गरेको थिएं।* ...**यहां केही ताडपत्र तमसूकहरू प्रस्तुत गरिएका छन् जुन मेरा एक मित्रको संग्रहमा संगृहीत छन्** भनी त्यहां लेखिएकोले र त्यस पत्रिकाका सम्पादक हरिराम जोशी भएकाले यहां म भनी जसलाई भनेको हो, तिनी हरिराम जोशी नै हुन् भन्ने ठहऱ्याई उनको नाउं अहिले माथि दिइएको हो।

८. कसले यो सामग्री प्रस्तुत गरेको हो, त्यो कुरा त्यहां खुलाइएको छैन। त्यसैले *रोलम्ब*मा छापिएका यस्ता लेख मैले अधिअधि *रोलम्ब*कै नाउंमा दर्ता गर्ने गरेको थिएं।*...**केही ताडपत्र तमसूकहरू जुन मेरा एक मित्रको संग्रहमा सुरक्षित छन् यहां प्रस्तुत गरिएका छन्** भनी त्यहां लेखिएकोले र त्यस पत्रिकाका सम्पादक हरिराम जोशी भएकाले यहां म भनी जसलाई भनेको हो, तिनी हरिराम जोशी नै हुन् भन्ने ठहऱ्याई उनको नाउं माथि अहिले दिइएको हो।

---

* महेशराज पन्त २०५०:५०, २०५० क:९, २०५० ग:१-२)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



हरिराम जोशी २०४१ क[९]

= ई.सं. १९८४ (वि.सं. २०४१) मा ललितपुरबाट जोशी रिसर्च इन्स्टिट्युटद्वारा प्रकाशित *रोलम्ब* ४ वर्ष ४ अङ्कको नेपाली खण्डको २१ पृष्ठमा छापिएको *इतिहासको कुरा*।

हाइको फ्रेज २०५९

= ई.सं. २००२ (वि.सं. २०५९) मा हचाम्बर्गबाट फेर्लाक दाक्तर कोवाशद्वारा प्रकाशित, हाइको फ्रेजको *फार्ड्याशन्योनन् फन् विर्क्लिख्काइत्: दास् बिल्त् जयस्थितिमल्लस् इन् देर् भाषावंशावली* (वास्तव कुराका भेद – *भाषावंशावली*मा जयस्थितिमल्लको चित्र)।

*हाम्रो वक्तव्य*

= वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* ११ पूर्णाङ्कका १०१-११८ पृष्ठमा छापिएको *हाम्रो वक्तव्य – श्रीडिल्लीरमण रेग्मीज्यूको छटेलपन*।

हेमराज शाक्य २०३७

= वि.सं. २०३७ मा ललितपुरबाट २५२४ बुद्धजयन्तीसमारोहसमितिद्वारा प्रकाशित, हेमराज शाक्यको *शिवदेव संस्कारित श्री रुद्रवर्ण महाविहार स्थित तालपत्र-अभिलेख*।

हेमराज शाक्य २०४२[१०]

= ई.सं. १९८६ (वि.सं. २०४२) मा ललितपुरबाट जोशी रिसर्च इन्स्टिट्युटद्वारा प्रकाशित *रोलम्ब* ६ वर्ष १ अङ्कको नेपाली खण्डका १२-१३ पृष्ठमा छापिएको *इतिहासका कुरा*।

हेमराज शाक्य २०५२

= वि.सं. २०५२ मा ललितपुरबाट अक्षेश्वरमहाविहारको बौद्ध विहार संघद्वारा प्रकाशित, हेमराज शाक्यको *अक्षेश्वर महाविहार पूची – छ्गू अध्ययन* (अक्षेश्वरमहाविहार पुलचोक – एक अध्ययन)।

---

९. कसले यो सामग्री प्रस्तुत गरेको हो, त्यो कुरा त्यहाँ खुलाइएको छैन र त्यहाँ म शब्दको प्रयोग पनि गरिएको छैन। त्यसो भए तापनि सम्पादक हरिराम जोशीको नाउँमा यो लेख दर्ता गरिएको छ।

१०. यसको सम्पादन कसले गरेको हो भन्ने कुरा त्यहाँ खुलाइएको छैन। सामग्री दिइसकेपछि अन्त्यमा (सौजन्य- हेमराज शाक्य) लेखिएकोले हेमराज शाक्यको नाउँ माथि दिइएको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



# वाङ्मुख

ताडपत्रमा लेखिएका लिखतपत्र कानूनी र अर्थसम्बन्धी इतिहासका आकर मात्र नभई राजनीति-इतिहासको र जाति, भुवनकोश र ज्यौतिष इत्यादिको इतिहासमा पनि तिनबाट निकै प्रकाश पार्न सकिने भएकोले विभिन्न दृष्टिले ती लिखतपत्र केलाउने काममा म लागिरहेको छु।[1] यसैले ज्यौतिषशास्त्रको इतिहासको लागि उपयोगी हुने ठानी ग्रहण लागेको दिनका, अहिलेसम्म प्रकाशमा नआएका ११ वटा त्यस्ता लिखतपत्र ४ महीनाअगाडि *पूर्णिमा*को १११ पूर्णाङ्कमा प्रकाशित गरेको थिएँ। यसै क्रममा अधिमास परेको समयका लिखतपत्रको कालक्रमअनुसारको सूची बनाई प्रकाशितको हकमा चाहिँ कसले कहिले कहाँ छपाएको हो, त्यो पूरा खुलाउने र अप्रकाशित जतिको चाहिँ पूरा पाठ दिने[2] गरी *पूर्णिमा*मा प्रकाशित गर्ने विचार गरेँ र यस लेखले जन्म लियो।

---

१. ताडपत्रसम्बन्धी मेरा लेखको सूची

महेशराज पन्त २०३४:७४-८९, २०३४ ख:९०-९२।

महेशराज पन्त २०३५:२०-२२।

महेशराज पन्त २०४२:४२-४६, २०४२ क:४६-४८।

महेशराज पन्त २०४५:३८-४५, २०४५ क:१-३, २०४५ ख:८-९, २०४५ घ:१३-१४, २०४५ ङ:१४-२०, २०४५ छ:२२-२५, २०४५ ज:२५-२६, २०४५ ञ:२८-३०, २०४५ ठ:३१-३२, २०४५ ड:१-४, २०४५ ढ:५-११, २०४५ ण:११-१२, २०४५ त:१२-१३।

महेशराज पन्त २०४७:१-१४।

महेशराज पन्त २०४९:६७-७०, २०४९ क:७१-८१, २०४९ ख:८१-८२।

महेशराज पन्त २०५०:४९-६२, २०५० क:९-४०, २०५० ख:४०-४१, २०५० ग:१-६५, २०५० घ:६५-६६, २०५० ङ:६६-७१।

महेशराज पन्त २०५२:१-३८, २०५२ क:३८-४२, २०५२ ख:१-५३, २०५२ ग:५३-५४।

महेशराज पन्त २०५३:२३-३१, २०५३ क:५-७।

महेशराज पन्त २०५५:५१, २०५५ क:१-६०, २०५५ ख:६०-६१, २०५५ ग:४९-५१, २०५५ घ:४०-४१, २०५५ ङ:४२-४३, २०५५ च:४३-४४।

महेशराज पन्त २०५६:१-१०, २०५६ क:११-१२, २०५६ ख:१३-४१ र विषयसूची भएको पृष्ठ, २०५६ ग:४१-४२, २०५६ घ:४२-५१, २०५६ ङ:१-१५, २०५६ च:१५-४३, २०५६ छ:४४-४६।

महेशराज पन्त २०५७ क:३-३१, २०५७ ख:३२-४८, २०५७ ग:४९-६२, २०५७ घ:१-३७, २०५७ ङ:३८, २०५७ च:३९, २०५७ छ:३९-४१, २०५७ ज:४१-५०, २०५७ झ:५१, २०५७ ञ:५२-६४, २०५७ ट:१-४४, २०५७ ठ:४४-४५, २०५७ ड:४५-४६, २०५७ ढ:४६-५५, २०५७ २०५७ ण:५५-५८, २०५७ त:५९-६०, २०५७ थ:१, २०५७ द:१-५१, २०५७ ध:५२-५३, २०५७ न:५३-५४, २०५७ प:५५-६१, २०५७ फ:६१-६२, २०५७ ब:६२-६४, २०५७ भ:६४-६५।

महेशराज पन्त २०५८:४६, २०५८ क:४७, २०५८ ख:४८, २०५८ ग:४९-५३, २०५८ घ:५४, २०५८ ङ:५५, २०५८ च:५६-५८, २०५८ छ:५८-५९, २०५८ ज:६०-६१, २०५८ झ:६१-६२।

महेशराज पन्त २०६०:१-१५, २०६० क:१६-३५, २०६० ख:३६-३७, २०६० ग:३८-३९, २०६० घ:४०, २०६० ङ:४१-४६, २०६० च: ४७-५८, २०६० छ:१-४, २०६० ज:५-३०, २०६० झ:३१, २०६० ञ:५७-५८, २०६० ट:५९-६१, २०६० ठ:१-३३, २०६० ड:८-२९, २०६० ढ:३०-४२, २०६० ण:६०-६१, २०६० त:११-४१, २०६० थ:४२-४५, २०६० द:४५-४७, २०६० ध:४८-५१।

२. ४८ सङ्ख्याको लिखतपत्र पहिल्यै प्रकाशित भइसकेको हो तापनि जुन अंश हामीलाई चाहिने हो, त्यो अंश त्यहाँ छुटेको र प्रकाशित पाठ पनि अत्यन्त भ्रष्ट भएकोले त्यो फेरि यहाँ पूरै छपाइएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



ताडपत्रका भेट्टाइए जति लिखतपत्र खोतल्दै जाँदा अधिमास परेको समयका, जम्माजम्मी १६१ वटा देखिन आए । तीमध्ये ८५ वटा लिखतपत्र पहिल्यै प्रकाशित भइसकेका र ७६ वटाचाहिँ यहाँ पहिलोपल्ट छापिन लागेका छन् ।

वि.सं. ११२६ देखि १८२५ भित्र अधिमास पर्दा लेखिएका यी लिखतपत्रलाई अधिमास वा अधिमास परेको महीना बुझाउने शब्दको हिसाबले मोटामोटी रूपमा ४ वर्गमा बाँड्न सकिन्छ । २९ वटा[३] लिखतपत्रमा कि **प्रथमाषाढ**, कि **द्विराषाढ**; कि **प्रथमपौष**, कि **द्विपौष** शब्द आउँछ । १२८ वटा[४] लिखतपत्रमा चाहिँ कि **नष्टफाल्गुन**, कि **नष्टचैत्र**, कि **नष्टवैशाख**, कि **नष्टज्येष्ठ**, कि **नष्टाषाढ**, कि **नष्टश्रावण**, कि **नष्टभाद्र**, कि **नष्टाश्विन**, कि **नष्टकार्तिक** शब्द परेको छ । अपवादको रूपमा २ वटा[५] लिखतपत्रमा **द्विराषाढनष्टश्रावण** र एउटा[६] लिखतपत्रमा **अधिकाषाढ** र अर्कोमा[७] चाहिँ **चैत्राधिक** शब्द आएको छ ।[८]

चलनचल्तीको गणनापद्धतिअनुसार पौषमा कहिले पनि अधिमास नपर्ने भएकोले **प्रथमपौष** वा **द्विपौष** भएका ७ वटा लिखतपत्र[९] पन्छ्याई त्यही वर्गमा हामीले पारेका, **प्रथमाषाढ** वा **द्विराषाढ** जुन जुन संवत्मा परेका छन्, तिनलाई चलनचल्तीको गणनापद्धतिअनुसारको अधिमाससारणीसँग मिडाई हेर्दा त्यस्ता २२ वटा[१०] लिखतपत्रमध्ये खालि ६ वटामा[११] मात्र आषाढमा अधिमास परेको देखियो ।[१२]

---

३. १-१३, १५-१८, २०, २१, २३-२५, ३१-३४, ५७, ६६, ८४ सङ्ख्या ।

४. १४, २२, २६-३०, ३५-४५, ४८-५६, ५८-६५, ६७-८३, ८५-१०४, १०६-१६१ सङ्ख्या ।

५. ४६ र ४७ सङ्ख्या ।

६. १९ सङ्ख्या ।

७. १०५ सङ्ख्या ।

८. ने.सं. १८५ को लिखतपत्रमा तिथिमिति लेख्दा पक्षको अगाडि आएको **पौषस्य** शब्दको अर्थ बेर्न्हार्त कोल्फर र हेमराज शाक्य (२०४२:१०५)ले पौषको अधिमास भनी गरेका छन् । चलनचल्तीको गणनापद्धतिअनुसार पौषमा कहिल्यै अधिमास पर्दैन भन्ने कुरा त हामीलाई थाहा छ, पौषमा नपरे त्यो साल कुन महीनामा अधिमास पर्दो रहेछ भनी जाँचेर हेर्नु पनि यस प्रसङ्गमा आवश्यक भएको छ । कार्तिकशुक्लप्रतिपदादेखि ने.सं. फिर्ने र चैत्रशुक्लप्रतिपद्‌दादेखि शाके फिर्ने हुनाले ने.सं. लाई शाकेमा परिणत गर्दा चैत्रशुक्लप्रतिपदा नलागेसम्म ८०१ र त्यस दिनदेखि ८०२ जोड्नुपर्छ । यस कारण ने.सं. १८५ पौष भनेको (१८५+८०१=) शाके ९८६ हो र ने.सं. १८५ भर शाके ९८६ र (१८५+८०२=) शाके ९८७ दुवै हुन्छ । चलनचल्तीको गणनापद्धतिअनुसार पनि शाके ९८६ र ९८७ मा कुनै अधिमास नपरी ९८५ र ९८८ मा मात्र अधिमास परेको देखिएकोले* बेर्न्हार्त कोल्फर र हेमराज शाक्यले गरेको अर्थ चिन्त्य छ ।

९. ६, १०, ११, १५-१७, २१ सङ्ख्या ।

१०. १-५, ७-९, १२, १३, १८, २०, २३-२५, ३१-३४, ५७, ६६, ८४ सङ्ख्या ।

११. २, ४, २०, ५७, ६६, ८४ सङ्ख्या ।
१२ र ३४ सङ्ख्याका लिखतपत्रमा पनि **प्रथमाषाढ** भए तापनि १२ सङ्ख्याकोमा संवत्को एकस्थानी र ३४ सङ्ख्याकोमा शतस्थानी र दशस्थानी अङ्क नष्ट भइसकेकाले चलनचल्तीको गणनापद्धतिअनुसारको अधिमाससारणीसँग तिनको संवत् मिडाउन सकिएन ।

१२. हाम्रो ९ सङ्ख्याको अर्थात् ने.सं. ५४२ को एउटा लिखतपत्रको तिथिमिति **द्विराषाढबदि** ६** छ । ने.सं. ५४२ आषाढ

---

* नयराज पन्त २०४५:८ ।

** हेमराज शाक्य २०५२:६४ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



चलनचल्तीको गणनापद्धतिअनुसार पौषमा अधिमास पर्दैन भन्ने कुरा सबैलाई थाहा भए तापनि भारतीय ज्यौतिषको प्राचीनतम ग्रन्थ *वेदाङ्गज्यौतिष*को पद्धतिअनुसार आषाढमा र पौषमा मात्र अधिमास पर्ने[१३] र लिच्छविकालका अभिलेखमा पनि खालि आषाढमा र पौषमा मात्र अधिमास परेको[१४] कुराको सम्झना हामीले यहाँनिर गर्नुपर्छ। *वेदाङ्गज्यौतिष*अनुसारको कालमानमा सुधार गरी वर्तमान कालमानअनुसारको अधिमासपद्धति चलनचल्तीमा आइसकेपछि पनि पुरानो र नयाँ पद्धतिमा सामञ्जस्य राख्न यस्तो

नारदको मतमा

१. चैत्रदेखि भाद्रभित्र अधिमास परे सो अधिमास आषाढमा मान्ने

२. आश्विनदेखि फाल्गुनभित्र अधिमास परे सो अधिमास पौषमा मान्ने र

भारद्वाजको मतमा भने

१. श्रावणदेखि पौषभित्र अधिमास परे सो अधिमास आषाढमा मान्ने

२. माघदेखि आषाढभित्र अधिमास परे सो अधिमास पौषमा मान्ने

चलन चलाइएको[१५] र नेपालका पुराना लिखतमा त्यस्तो अधिमासपद्धति प्रशस्त देखिने[१६] कुरा पनि यस प्रसङ्गमा स्मरणीय छ।

यस कारण आषाढको अगाडि **प्रथम** वा **द्वि** शब्द आएका २२ वटा लिखतपत्रमध्ये १६ वटामा चलनचल्तीको पद्धतिअनुसार अधिमास नपरेकाले आषाढका ती अधिमास पौषको अधिमास जस्तै प्राचीन पद्धतिका नै देखिन आएका छन्। आषाढका जुन ६ वटा अधिमास नयाँ पद्धतिअनुसार पनि मिल्न आए, ती अधिमास त्यहाँ प्राचीन पद्धतिअनुसारै दिइएका हुन् भनी भन्न यताबाट सकिन्छ।[१७]

---

भनेको शाके १३४४ हो। शाके १३४४ भर अधिमास नपरी त्यसको अघिल्लो वर्ष शाके १३४३ श्रावणमा अधिमास परेको अधिमाससारणीबाट देखिन्छ।* ने.सं. ५४२ भर शाके १३४३ र शाके १३४४ दुवै पर्ने कुरा यस प्रसङ्गमा सम्झनुपर्छ।

१३. नयराज पन्त २०४३:३५-४५।

१४. उही:३२-३४।

१५. उही:१८५-१८६।

१६. धनवज्र वज्राचार्य २०५३:४२, ११३, १३६, १८५, १९८, २५८, २६१, २६४, ६०० (ख)मा २ सङ्ख्याको अभिलेख, ३१०, ३१५, ३४०, ५८६, ५९५।
लूछ्याह्गो पेतेक २०४०:१७-१८।

१७. ने.सं. ७०४ आषाढका ३ वटा लिखतपत्र यस लेखमा परेका छन्। तिनमध्ये ५५ र ५६ सङ्ख्याका लिखतपत्रमा **नष्टआषाढ** र ५७ सङ्ख्याकोमा चाहिँ **द्विराषाढ** शब्द परेको छ। ने.सं. ७०४ अर्थात् शाके १५०६ मा चलनचल्तीको पद्धतिअनुसार आषाढमा अधिमास परेको देखिएकोले* अघिल्ला २ मा चलनचल्तीको र पछिल्लोमा चाहिँ पुरानो पद्धतिको अनुसरण गरिएको यताबाट अनुमान हुन्छ। जुन लिखतपत्रमा **नष्टआषाढ** शब्द छ, तिनमा एउटा ठिमीको र अर्को काठमाडौँको तथा जुनचाहिँमा **द्विराषाढ** छ, त्यो पाटनको हो भन्ने कुराको हेक्का यहाँनिर राख्नु राम्रै होला।
लूछ्याह्गो पेतेक २०४०:१७-१८ मा ने.सं. १३२ देखि ५७४ भित्र परेका ४५ वटा, पुरानो पद्धतिअनुसारका अधिमासको चर्चा

---

* नयराज पन्त २०४५:९।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



त्यस सालमा अधिमास परेको थियो कि थिएन भनी चलनचल्तीको गणनापद्धतिअनुसारको अधिमाससारणीसँग दोस्रो वर्गमा पारिएका अर्थात् **नष्ट** शब्दले बुझाइएका अधिमास भिडाई हेर्दा एउटा छोडेर[१८] अरू सबै अधिमास मिल्न आएका छन् ।[१९] यस कारण जुन जुन महीनाको अगाडि **नष्ट** शब्द आएको छ, ती अधिमास चलनचल्तीको पद्धतिअनुसारका देखिन आएको यतासम्मका कुराबाट स्पष्ट भएको छ ।

चलनचल्तीको पद्धतिअनुसार खास गरी वैशाखदेखि आश्विनसम्मका ६ महीना तथा चैत्रसमेत गरी जम्मा ७ महीनामा र आक्कलझुक्कलचाहिँ कार्तिक, मार्ग र फाल्गुन महीनामा पनि अधिमास पर्छ भन्ने कुरा हामीलाई थाहा छ ।[२०] चलनचल्तीको पद्धतिअनुसार अधिमास दिइएका यी १२८ वटा लिखतपत्रमध्ये मार्गमा अधिमास परेको कुराको एउटा पनि उदाहरण नभेट्टाइएको र कार्तिक[२१] र फाल्गुनको[२२] चाहिँ एउटा एउटा उदाहरण पाइएको कुरा यस प्रसङ्गमा भन्नुपर्छ ।

एउटै अधिमास बुझाउन आषाढ र श्रावण दुवै महीनाको नाउँ लिई **द्विराषाढनष्टश्रावण** लेखिएकोमा चलनचल्तीको गणनापद्धतिअनुसारको अधिमाससारणीसँग भिडाई हेर्दा त्यो वर्ष आषाढमा होइन कि श्रावणमा अधिमास परेको देख्दा नयाँ पद्धतिअनुसार श्रावणमा परेको अधिमासलाई **नष्टश्रावण** भन्दा भन्दै प्राचीन पद्धतिको पनि अनुसरण गरी **द्विराषाढ** शब्द थपेको देखिन्छ ।[२३]

जुन लिखतपत्रमा **अधिकाषाढ** शब्द आएको छ, चलनचल्तीको गणनापद्धतिको अधिमाससारणीसँग त्यसको संवत् भिडाई हेर्दा त्यो वर्ष आषाढमा होइन कि श्रावणमा अधिमास परेको देखियो । आजभोलि चलनचल्तीमा भएको **अधिकाषाढ** शब्दको प्रयोग भए तापनि पुरानै पद्धतिको अधिमास त्यो रहेछ भन्ने यताबाट स्पष्ट

गरिएको छ । तिनमध्ये हाम्रो २ सङ्ख्याको अर्थात् ने.सं. २६२ को लिखतपत्रमा आषाढमा परेको अधिमासको र हाम्रो ४ सङ्ख्याको लिखतपत्रबाट त होइन अन्त उल्लेख भएको, ने.सं. ५०६ मा आषाढमा परेको अधिमासको चर्चा पनि त्यहाँ परेको छ र ती अधिमास पुरानो पद्धतिअनुसार आषाढमै परेको भनी पेतेकले ठहऱ्याएको कुरा यस प्रसङ्गमा स्मरणीय छ ।

१८. हाम्रो २६ सङ्ख्याको अर्थात् ने.सं. ६३३ को एउटा लिखतपत्रको तिथिमिति **नस्तश्रावनशुद्धि १५*** छ । ने.सं. ६३३ (शाके १४३५) मा अधिमास श्रावणमा नपरी भाद्रमा परेको छ ।**

१६१ सङ्ख्याको लिखतपत्रमा संवत् पूरै नष्ट भएकोले चलनचल्तीको गणनापद्धतिअनुसारको अधिमाससारणीसँग त्यस लिखतपत्रको मिति भिडाउन सकिएनं ।

१९. २२ सङ्ख्याको लिखतपत्रमा दशस्थानी अङ्क नष्ट भएको छ । नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको लागि मूलबाट पाठ पढ्नेले त्यसको मिति **६X४ नष्टफाल्गुणशुक्ल ॥ सप्तम्यां तियौ** भनी पढेका रहेछन् ।*** चलनचल्तीको गणनापद्धतिअनुसारको अधिमाससारणीसँग दशस्थानी अङ्क नष्ट भइसकेको त्यस लिखतपत्रको मिति भिडाउन सकिएन ।

२०. नयराज पन्त २०२१:४-६, १३ ।

२१. १४ सङ्ख्या ।

२२. २२ सङ्ख्या ।

२३. महेशराज पन्त २०४५ ङ:१६ ।

* शङ्करमान राजवंशी २०४० क:३१ ।

** नयराज पन्त २०४५:९ ।

*** यस विषयमा विशेष कुरा तल ३२-३६ पृष्ठमा छापिएको ४ सङ्ख्याको टिप्पणीमा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



भएको छ।[२४] वस्तुस्थिति यस्तो भए तापनि पुरानो पद्धतिअनुसारको अधिमास बुझाउन **प्रथम, द्वि/द्वितीय** नलेखी **अधिक** लेख्नु र चलनचल्तीको पद्धतिअनुसारको अधिमास बुझाउन त्यसताका चलेको **नष्ट** शब्द नलेखी आजभोलि चलनचल्तीमा भएको **अधिक** लेख्नुलाई अपवादको रूपमा लिन सकिन्छ।

जुन लिखतपत्रमा **चैत्राधिक** शब्द आएको छ, चलनचल्तीको गणनापद्धतिको अधिमाससारणीसँग त्यसको संवत् भिडाई हेर्दा त्यो वर्ष चैत्रमै अधिमास परेको देखियो।

हाम्रो १३ सङ्ख्याको लिखतपत्रअनुसार ने.सं. ५७४ मा आषाढमा अधिमास परेको थियो भन्ने कुरा त्यस लिखतपत्रमा **सम्बत ५७४ द्विराषाढकृष्णात्रयोदस्याया९**[२५] लेखिएकोले स्पष्ट हुन्छ। त्यही सालको एउटा शिलालेखमा चाहिँ **सम्बत् ५७४ द्विपोषशु**[२६] लेखिएकोले त्यो साल पौषमा अधिमास परेको थियो भन्ने कुरा बुझिन्छ। यताबाट एकै सालमा २ भिन्नाभिन्नै महीनामा अधिमास परेको देखिन आयो। शङ्करमान राजवंशी र लूछ्याह्वो पेतेकले भने जस्तै, चलनचल्तीको पद्धतिअनुसार यो साल ज्येष्ठमा अधिमास परेको थियो।[२७] नारदको मतअनुसार चैत्रदेखि भाद्रभित्र अधिमास परे सो अधिमास आषाढमा परेको र भारद्वाजको मतअनुसार माघदेखि आषाढभित्र अधिमास परे सो अधिमास पौषमा परेको मानिने हुनाले लिखतपत्रमा नारदको मतअनुसार र शिलालेखमा चाहिँ भारद्वाजको मतअनुसार अधिमास दिइएको स्पष्ट हुन्छ। त्यो लिखतपत्र काठमाडौँ असनटोलको र त्यो शिलालेखचाहिँ पाटन सौगलटोलको हो भन्ने कुराको हेक्का यस प्रसङ्गमा हामीले राख्नुपर्छ।

**सम्बत् ६४४ नष्टभाद्रपदमासे शुक्लपक्षे प्रतिपद्यां तिथौ मघनक्षत्रे परिघयोगे आदित्यवासरे तदिने**[२८] भनी ठैबको एउटा शिलापत्रमा लेखिएको देखेर लूछ्याह्वो पेतेकले यसलाई चलनचल्तीको अधिमासपद्धतिको पहिलो उदाहरण मानी यक्ष मल्ल बितेको केही समयपछि पुरानो अधिमासपद्धति छोडी नयाँ लिएको अनुमान गर्न उनी पुगेका छन्।[२९] यक्ष मल्ल ने.सं. ६०२ मा परलोक भएका[३०] र ने.सं. ६४४ को शिलालेखमा

२४. हाम्रो १९ सङ्ख्याको अर्थात् ने.सं. ५९८ को एउटा लिखतपत्रको तिथिमिति **अधिकाषाढकृष्णतृतीया** र त्यही सालको अर्को लिखतपत्रको अर्थात् हाम्रो १८ सङ्ख्याको तिथिमिति **प्रथमाषाढशुक्लद्वितीया** छ। चलनचल्तीको पद्धतिअनुसार ने.सं. ५९८ (शाके १४००) मा* श्रावणमा अधिमास परेकोले पुरानो पद्धतिअनुसार त्यो साल आषाढमा अधिमास परेको कुराको पुष्टि हुन्छ।

२५. महेशराज पन्त २०५७ घ:३७।

२६. शङ्करमान राजवंशी २०२३:११, २६ सङ्ख्याको लिखत।

२७. शङ्करमान राजवंशी २०२३:११, लूछ्याह्वो पेतेक २०४०:१८।

२८. डिल्लीरमण रेग्मी २०२३ ख:१।

२९. लूछ्याह्वो पेतेक २०४०:२०।

हाम्रो २८ सङ्ख्याको लिखतपत्रमा मिति दिँदा **सम्बत् ६४४ नष्टभाद्रपदशुक्ल: पञ्चम्यान्तियौ** भनी लेखिएकोले यो साल चलनचल्तीको पद्धतिअनुसार भाद्रमा अधिमास परेको अर्को एउटा उदाहरण भेट्टाइएको छ।

३०. ठिमीका चन्द्रमान जोशीसँग रहेको ठ्यासफूको एक छेउमा अर्कै अक्षरमा **"५२८ यक्षमल्ल जन्म, ६०२ माघ ¨ म्वोक" भनी लेखि एको छ** भनी धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११क:११ मा छ। त्यही ठ्यासफूमा ने.सं. ६०२ माघबदि ११ को दिन यक्ष मल्ल परलोक भए भनी लेखिएको छ भन्ने कुरा डिल्लीरमण रेग्मी २०२२:४५० मा छ। धनवज्र वज्राचार्य

* नयराज पन्त २०४५:९।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



र ज्ञानमणि नेपाल २०११क:११ मा ६०२ माघपछि यस्तो ... चिह्न हालिएकोले पक्ष र तिथि पढ्न नसकेको देखिन्छ। नरहरिनाथ २०१३:५६९ मा ॐ सम्वत् ६०२ फालगुण=(माघवदि) सुदि ११ यक्षमल्लदेव मोक भन्ने छापिएकोले यक्ष मल्ल ने.सं. ६०२ फाल्गुनशुक्लएकादशीको दिन परलोक भए भनी अर्को लेखोटमा लेखिएकोमा चन्द्रमान जोशीसँग रहेको ठ्यासफूमा दिइएको यक्ष मल्ल परलोक भएको मितिसँग सामञ्जस्य गर्न कोष्ठमा माघवदि भनी नरहरिनाथले सच्याएको देखिन्छ।[1] लूछयाह्वो पेतेक (२०४०:१७६)ले यक्ष मल्ल ने.सं. ६०२ फाल्गुनशुक्लएकादशीको दिन परलोक भए भनी लेखी त्यसको प्रमाणको रूपमा त्यहाँ ४ सङ्ख्याको टिप्पणीमा शङ्करमान राजवंशी २०२३ क:१९, डिल्लीरमण रेग्मीको पूर्वोक्त पुस्तक र नरहरिनाथ २०१३:५६९ दिएका छन्। चन्द्रमान जोशीसँग रहेको ठ्यासफूको शङ्करमान राजवंशीले दिएको पाठमा तिथि र पक्ष नभई ६०२ माघ मात्र भएको, त्यही ठ्यासफूको डिल्लीरमण रेग्मीले दिएको पाठमा ६०२ माघवदि ११ भएको र नरहरिनाथले प्रकाश गरेको लेखोटमा चाहिँ सम्वत् ६०२ फालगुणसुदि ११ भएको कुराको खयाल नगरेर नरहरिनाथले प्रकाश गरेको लेखोटमा भएको मिति मान्दा मान्दै पनि ठ्यासफूलाई पनि भ्रमवश प्रमाण मान्न पेतेक पुगेको देखिन्छ।

यक्ष मल्ल र उनीसँगै सती जाने तीनजना रानीहरूको सालिक उनीहरूको सपिण्डीकरणको दिनमा चाँगुनारायणको मन्दिरमा राखिएको कुरा ने.सं. ६०२ चैत्रशुक्लदशमी शुक्रवारको एउटा अभिलेखबाट बुझिन्छ।[2] सपिण्डी श्राद्ध सामान्यतया मरेको बाह्रौं दिनमा गरिने भएकोले मोहनप्रसाद खनाल (२०४०:१८८)ले यस अभिलेखको सपिण्डीकरणदिनेको अर्थ सपिण्डी गर्ने दिन (बाह्रौं दिनमा) भनी गरेका छन्।

रामजी तेवारी, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालले मूलबाट पढेको,[3] चन्द्रमान जोशीसँग रहेको ठ्यासफूमा यक्ष मल्ल परलोक भएको दिनको अपूरो मिति भएकोले डिल्लीरमण रेग्मीले त्यही ठ्यासफूबाट पूरा तिथिमिति दिए पनि मैले त्यो पत्याउन सकिनँ र नरहरिनाथले प्रकाश गरेको लेखोटमा पूरा तिथिमिति भएको र त्यसलाई पेतेकले पनि मानेकाले यक्ष मल्लको परलोक फाल्गुनशुक्लएकादशीको दिन भएको हो भनी मैले ठहऱ्याएँ[4]। यसरी यक्ष मल्ल ने.सं. ६०२ फाल्गुनशुक्लएकादशीको दिन मरे भन्ने मानी यक्ष मल्लको सपिण्डीकरणको दिनको कुरा परेको अभिलेख ने.सं. ६०२ चैत्रशुक्लदशमीको भएकोले त्यो अभिलेख यक्ष मल्ल परलोक भएको १ महीना जतिपछि राखिएको देखिन्छ[5] भनी मैले लेखें।

यक्ष मल्लको सालिकसम्बन्धी अभिलेख मोहनप्रसाद खनाल २०४० बाट उद्धृत गरिसकेपछि देविचन्द्र श्रेष्ठ (२०५९:२२)ले यस्तो

- प्रस्तुत अभिलेख यक्ष मल्ल परलोक भएको ४५ दिनपछि सपिण्डीकरण विधिको उपलक्ष्यमा स्थापित हुँदा यस आधारमा ने.सं. ६०२ माघ कृष्ण दशमीमा यक्ष मल्ल मृत्यु भएको दिन मान्नु पर्ने छ।

लेखेकाले मोहनप्रसाद खनालले सपिण्डी श्राद्ध भनेको मरेको १२ दिनमा गरिने श्राद्ध भनेकोमा देविचन्द्र श्रेष्ठले चाहिँ मरेको ४५ दिनमा गरिने श्राद्ध भनी मानेको यताबाट देखिएको छ। यक्ष मल्ल परलोक भएको दिनका दुइ थरी तिथिमिति पहिल्यै प्रकाशमा आइसके तापनि तिनको विषयमा कुनै टिप्पणी नगरी चैत्रशुक्लदशमीको दिन सपिण्डी श्राद्ध भएकोले सोझै गन्दा माघकृष्णदशमीको दिन ४५ दिन हुने हुँदा त्यही दिन यक्ष मल्ल बितेका हुन् भनी देविचन्द्र श्रेष्ठले ठहऱ्याएको देखिन्छ।

---

१. डिल्लीरमण रेग्मी २०२३ क:२ खण्ड ५३-५६ मा यो टिपोट छापिएको छ। मूलसँग रुजू गरी त्यो पाठ दिएको भनी रेग्मीले त्यहाँ लेखेका छन्। यक्ष मल्ल परलोक भएको दिन फाल्गुणसुदि ११ नै त्यहाँ छापिएको छ।

२ मोहनप्रसाद खनाल २०४०:१८८।

३. धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११ क:११।
धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९:मूलभाग २९०।
शङ्करमान राजवंशी २०२३ ख:१७-१८।

४. महेशराज पन्त २०४२:४२-४३, २ सङ्ख्याको टिप्पणी; ४४।

५. महेशराज पन्त २०४२:४२, २ सङ्ख्याको टिप्पणीको टिप्पणी।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



चलनचल्तीको अधिमासपद्धति पहिलोपटक पेतेकले देखेकाले उनी यस्तो अडकल गर्न पुगेका देखिन्छन्। चलनचल्तीको अधिमासपद्धति पहिलोपल्ट कहिले देखिन्छ भन्ने विषयमा त मैले खोजी गरेको छैन, तर ताडपत्रमा लेखिएका लिखतपत्र हेर्दै जाँदा ने.सं. ५७७ को लिखतपत्रमा[३१] सबभन्दा पहिले चलनचल्तीको अधिमासपद्धति देखिएकोले पेतेकले गरेको अडकल गलत सावित हुन गएको छ। ताडपत्रमा लेखिएका लिखतपत्रमा पहिलोपटक चलनचल्तीको अधिमासपद्धति देखिँदा यक्ष मल्लकै राज थियो भन्ने कुरा पनि यस प्रसङ्गमा स्मरणीय छ।[३२]

ताडपत्रमा लेखिएका लिखतपत्रको आधारमा मात्र भन्ने हो भने चलनचल्तीको अधिमासपद्धतिको दोस्रो उदाहरण नें.सं. ६३३ मा[३३] र तेस्रोचाहिँ ने.सं. ६३९ मा[३४] देखिएको छ।

**ज्योतिर्मल्लको अभिलेखमा [पौष वा आषाढबाहेकका] अन्य महिनामा पनि अधिकमास देखिनआएको ... ले पुरानो वेदाङ्गज्योतिषको पद्धतिअनुसार पौष र आषाढमा मात्र अधिमास पर्ने पद्धतिको साटो आजभोलिको**

सपिण्डी श्राद्ध कहिले गर्ने भन्ने कुरामा शास्त्रमा मतमतान्तर छ र मरेको १२ दिन वा ४५ दिनमा मात्र नगरी मरेको १ वर्ष, ११ महीना, ६ महीना, ४ महीना वा जूठो चोखिएपछिको पहिलो औंसीको दिन पनि सपिण्डी श्राद्ध गर्न हुने वचन भेट्टाइन्छ।[१]

चन्द्रमान जोशीसँग रहेको ठ्यासफूमा डिल्लीरमण रेग्मीले दिएको पाठअनुसार यक्ष मल्ल माघकृष्णएकादशीमा परलोक भएका देखिएकोले र यक्ष मल्लको सालिक बनाई चाँगुनारायणमा उनको सपिण्डीकरणको दिन राखिएको अभिलेखमा चैत्रशुक्लदशमीको मिति भएकोले उनी माघकृष्णएकादशीको दिन वित्दा घडीपलाको हिसाबले त्यो दिन दशमी नै भएको र त्यसैले उनको सपिण्डी श्राद्ध उनी बितेको ४५ दिनमा चैत्रशुक्लदशमीको दिन भएको हो कि भन्ने अनुमान यताबाट हुन्छ। यस कारण नरहरिनाथले प्रकाश गरेको लेखोटमा अलि शङ्का उठ्न गएको छ तापनि ती दुइ तिथिमितिमध्ये कुनचाहिँ ठीक हो भनी ठोकेर भन्न सक्ने अवस्था अझै आएको छैन। यक्ष मल्लकी आमा संसारदेवी परलोक भएको ४५ दिनमा (पक्षत्रये) उनीको सालिक पशुपतिमा राखिँदा त्यस अभिलेखमा सपिण्डी श्राद्धको कुरा नपरे पनि ४५ दिनमा मृतकको सालिक राखिएकोले[२] यक्ष मल्लको सालिक पनि त्यही परम्पराअनुसार सपिण्डी श्राद्ध गरेर ४५ दिनमा राखिएको हो कि भन्ने शङ्का पनि यस प्रसङ्गमा उठ्छ।

३१. १४ सङ्ख्या।

३२. यक्ष मल्लका बाबु ज्योतिर् मल्लको पाइएसम्ममा सबभन्दा पछिल्लो लिखत ने.सं. ५४८ (वि.सं. १४८५) भाद्रशुक्लप्रतिपदाको[३] र यक्ष मल्लको पाइएसम्ममा सबभन्दा पहिलो लिखत शाके १३५० (वि.सं. १४८५) मार्गशुक्लनवमी (मार्ग १८ गते)को[४] हो। ने.सं. ६०२ (वि.सं. १५३८) मा यक्ष मल्ल परलोक भएका हुन् भन्ने कुरा माथि परिसकेको छ। यक्ष मल्लले वि.सं. १४८५ देखि १५३८ सम्म राज्य गरेको यताबाट स्पष्ट हुन्छ। ताडपत्रअनुसार जुन सालमा चलनचल्तीको अधिमासपद्धतिको पहिलो उदाहरण पाइयो, त्यही सालको, यक्ष मल्लको नाउँ भएको लिखत पनि भेट्टाइएको छ।[५]

३३. २६ सङ्ख्या।

३४. २७ सङ्ख्या।

१. उदाहरणको लागि पाण्डुरङ्ग वामन काणे वि.सं. २०३०:५२०-५२१ हेर्नू।

२. यस अभिलेखको लागि गोविन्द टण्डन २०५६:१२५-१३० हेर्नू।

३. लूछ्याह्रो पेतेक २०४०:१६७, ३६ सङ्ख्याको लिखत।

४. शङ्करमान राजवंशी २०२२:३८, ४ सङ्ख्याको लिखत।

५. शङ्करमान राजवंशी २०२३:११, २८ सङ्ख्याको लिखत।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



जस्तो स्पष्टमानको अधिमास गणनापद्धति पनि प्रचलित हुनआएको थियो[३५] भनी ज्ञानमणि नेपालले लेखे तापनि त्यस्को प्रमाण उनले नखुलाएकाले र ज्योतिर् मल्लको पालाका, मैले देखेसम्मका लिखतमा चलनचल्तीको अधिमासपद्धतिको साटो पुरानै पद्धतिको अधिमास भएकोले[३६] त्यो भनाइ ठीक देखिँदैन।

चलनचल्तीको अधिमासपद्धतिको पहिलो उदाहरण ने.सं. ५७७ को लिखतमा पाइए तापनि पुरानो अधिमास-पद्धतिको सबभन्दा पछिल्लो उदाहरण ताडपत्रका लिखतपत्रअनुसार ने.सं. ७६९ मा देखिएको छ।[३७]

पहिलोपल्ट अहिले यहाँ प्रकाशित भएका ७६ वटा लिखतपत्रमध्ये ५० वटाको फ्याक्सिमिलि पनि यहाँ दिइएको छ।[३८] पहिलोपल्ट अहिले यहाँ प्रकाशित भएका, पुरानो पद्धतिअनुसारका अधिमास भए जति जम्मै लिखतपत्रको फ्याक्सिमिलि त यहाँ परेकै छ; त्यसबाहेक राजनीति-इतिहासको लागि, कानूनी वा अर्थसम्बन्धी इतिहासको लागि र लिपिको दृष्टिले विशेष काम लाग्ने भनी आफूले ठहऱ्याएका लिखतपत्रको र विशेष ठाउँका वा जातिको नाउँ परेका लिखतपत्रका फ्याक्सिमिलि पनि यहाँ दिइएको छ।

वङ्गाली लिपिमा चलेको, यस्तो ९ खालको अनुस्वार सामान्य अनुस्वारसँगसँगै नेवारी लिपिका लिखतमा देखिने भएकाले यस विषयमा बढी खोजी गर्न सजिलो होस् भनी नेवारी लिपिका लिखतको देवनागरीमा उतार छपाउँदा जहाँ जहाँ जस्तो अनुस्वार आएको छ, त्यस्तै अनुस्वार दिने चलन केही वर्ष यतादेखि मैले चलाएको छु। त्यस्ता लिखंतमा दुइ प्रकारका अनुस्वार देखिए जस्तै विसर्ग पनि सामान्य र यस्तो ꣳ खालको गरी दुइ प्रकारका देखिन्छन्। यस विषयमा पनि बढी खोजी गर्न सजिलो होस् भन्ने अभिप्रायले जहाँ जहाँ जस्तो विसर्ग आएको छ, त्यस्तै विसर्ग दिने चलन *पूर्णिमा*को यस अङ्कदेखि मैले चलाएको छु।

३५. ज्ञानमणि नेपाल २०५४:२१७।

३६. ज्योतिर् मल्लको पालाका लिखतको लागि लूछ्याह्गो पेतेक २०४०:१६१-१६७ हेर्नू। तिनमा २९ सङ्ख्याको लिखतमा द्विराषाढ आएको यस प्रसङ्गमा स्मरणीय छ।

३७. ८४ सङ्ख्या।

३८. ४८ सङ्ख्याको लिखतपत्र पहिल्यै प्रकाशित भइसकेको हो तापनि त्यसको फ्याक्सिमिलि पनि यहाँ दिइएकोले जम्माजम्मी ५१ वटा लिखतपत्रको फ्याक्सिमिलि यहाँ परेको छ। यस सम्बन्धमा यही वाङ्मखको २ सङ्ख्याको टिप्पणी हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



## ताडपत्रको मूलपाठमा हामीले प्रयोग गरेका चिह्नको विषयमा

१. मूल ताडपत्र भाँचिएर जाँदा नष्ट भएको अक्षर प्रसङ्गानुरोधले यस्तो ( ) कोष्ठभित्र पढिन्छ ।

२. मूल ताडपत्रको रेशा उप्किएर जाँदा नष्ट भएको अक्षर प्रसङ्गानुरोधले यस्तो [ ] कोष्ठभित्र पढिन्छ ।

३. मूल ताडपत्रको पाप्रो उप्किएर जाँदा नष्ट भएको अक्षर प्रसङ्गानुरोधले यस्तो [[[ ]]] कोष्ठभित्र पढिन्छ ।

४. मूल ताडपत्र रद्द गरिएको जनाउन दिइएको यस्तो X चिह्नले छोपिएको अक्षर प्रसङ्गानुरोधले यस्तो < > कोष्ठभित्र पढिन्छ ।

५. मूल ताडपत्र दोब्याउँदा परेको डोबले नष्ट भएको अक्षर प्रसङ्गानुरोधले यस्तो (( )) कोष्ठभित्र पढिन्छ ।

६. मूल ताडपत्रमा मेटिएको अक्षर प्रसङ्गानुरोधले यस्तो [[ ]] कोष्ठभित्र पढिन्छ ।

७. मूल ताडपत्र मूसाले काट्दा नष्ट भएको अक्षर प्रसङ्गानुरोधले यस्तो {{ }} कोष्ठभित्र पढिन्छ ।

८. मूल ताडपत्र कीराले काट्दा नष्ट भएको अक्षर प्रसङ्गानुरोधले यस्तो << >> कोष्ठभित्र पढिन्छ ।

९. फोटोमा नदेखिएको अक्षर प्रसङ्गानुरोधले यस्तो { } कोष्ठभित्र पढिन्छ ।

१०. मूल ताडपत्र भाँचिएर जाँदा नष्ट भएको अक्षर भर्न नसकिँदा यस्तो X· चिह्नले जनाइन्छ ।

११. मूल ताडपत्रको रेशा उप्किएर जाँदा पढ्न नसकिएको अक्षर यस्तो * चिह्नले जनाइन्छ ।

१२. मूल ताडपत्रको पाप्रो उप्किएर जाँदा पढ्न नसकिएको अक्षर यस्तो ➡ चिह्नले जनाइन्छ ।

१३. मूल ताडपत्र रद्द गरिएको जनाउन दिइएको यस्तो X चिह्नले छोपिएको अक्षर पढ्न नसकिएको ठाउँमा यस्तो ~ चिह्नले जनाइन्छ ।

१४. मूल ताडपत्र दोब्याउँदा परेको डोबले नष्ट भएको अक्षर भर्न नसकिँदा यस्तो ≈ चिह्नले जनाइन्छ ।

१५. मूल ताडपत्रमा मेटिई पढ्न नसकिएको अक्षर यस्तो – चिह्नले जनाइन्छ ।

१६. मूल ताडपत्र मूसाले काट्दा नष्ट भएको अक्षर भर्न नसकिँदा यस्तो ◎ चिह्नले जनाइन्छ ।

१७. मूल ताडपत्र कीराले काट्दा नष्ट भएको अक्षर भर्न नसकिँदा यस्तो ⋕ चिह्नले जनाइन्छ

१८. मूल ताडपत्रमा मसी लतपतिई पढ्न नसकिएको अक्षर यस्तो ✪ चिह्नले जनाइन्छ ।

१९. फोटोमा स्पष्ट नआएको अक्षर यस्तो ● चिह्नले जनाइन्छ ।

२०. मूल ताडपत्र भाँचिएर जाँदा नष्ट भएका, तर यति भनी किट्न नसकिएका अक्षर यस्ता ... चिह्नले जनाइन्छन् ।

२१. मूल ताडपत्रको रेशा उप्किएर जाँदा नष्ट भएका, तर यति भनी किट्न नसकिएका अक्षर यस्ता • • • चिह्नले जनाइन्छन् ।

२२. मूल ताडपत्र मूसाले काट्दा नष्ट भएका, तर यति भनी किट्न नसकिएका अक्षर यस्ता :::::: चिह्नले जनाइन्छन् ।

२३. फोटोमा नदेखिएका, तर यति भनी किट्न नसकिएका अक्षर यस्ता ::: चिह्नले जनाइन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



## १ सङ्‌ख्या

### ने.सं. १८९ (वि.सं. ११२६) द्विराषाढ[1]

यो पत्र बेर्न्हार्त कोल्फर र हेमराज शाक्य २०४२:१०६ मा छापिएको छ।

## २ सङ्‌ख्या

### ने.सं. २६२ (वि.सं. ११९९) प्रथमाषाढशुक्लपञ्चमी

यो पत्र हेमराज शाक्य २०३७:१४ मा र बेर्न्हार्त कोल्फर र हेमराज शाक्य २०४२:११५-११७ मा र यस पत्रको फ्याक्सिमिलि त्यहीं २३९ मा छापिएको छ।

## ३ सङ्‌ख्या

### ने.सं. ४७१ (वि.सं. १४०८) प्रथमाषाढशुक्लद्वितीया

यो पत्र महेशराज पन्त २०५० क:१० मा छापिएको छ।

## ४ सङ्‌ख्या

### ने.सं. ५०६ (वि.सं. १४४३) द्विराषाढशुक्लपञ्चमी[2]

यो पत्र रञ्जना वज्राचार्य २०५२:१३-१४ मा छापिएको छ।

## ५ सङ्‌ख्या

### ने.सं. ५१४ (वि.सं. १४५१) प्रथमाषाढकृष्णप्रतिपदा

यो पत्र महेशराज पन्त २०५६ ङ:५-६ मा छापिएको छ।

## ६ सङ्‌ख्या

### ने.सं. ५२८ (वि.सं. १४६४) द्विपौषशुक्लप्रतिपदा

यस पत्रको फ्याक्सिमिलि हेमराज शाक्य २०५२:१५५ मा छापिएको छ। त्यहीं ६१ मा १२ सङ्ख्याको सामग्रीको रूपमा यस पत्रको चर्चा गरिएको छ। यो पत्र महेशराज पन्त २०५७ क:४-५ मा छापिएको छ।

---

१. यस लिखतपत्रमा पक्ष र तिथि दिइएको छैन।

२. रञ्जना वज्राचार्यले **छिराषनद शुल्क पञ्चश्री** पढेकोमा मूल लिखतपत्र वा त्यसको फोटो आदि प्रतिच्छवि नदेखे तापनि लिपि राम्रो नचिन्ने, भाषा राम्रो नआउने र विषय राम्रो नबुझ्नेले पढेको पाठ यस्तै हुन्छ भन्ने विषयमा आफ्नो लामो अनुभव भएकोले* त्यसलाई **द्विराषाढशुक्लपञ्चमी** भनी सच्याउने आँट गरेको छु।

---

* ल्याकतै नभएका यस्ता मान्छेहरूले गरेको, नेपालको इतिहासको आकरसम्बन्धी अन्वेषणको विषयमा महेशराज पन्त २०५८त्र:६३-७० मा प्रसङ्गवश अलिकति लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



## ७ सङ्ख्या

**ने.सं. ५३८ (वि.सं. १४७५) द्विराषाढशुक्लप्रतिपदा**

यो पत्र महेशराज पन्त २०५७ क:२१ मा छापिएको छ ।

## ८ सङ्ख्या

**ने.सं. ५३८ (वि.सं. १४७५) द्विराषाढशुक्लप्रतिपदा**

यो पत्र महेशराज पन्त २०५७ क:२१-२२ मा छापिएको छ ।

## ९ सङ्ख्या

**ने.सं. ५४२ (वि.सं. १४७९) द्विराषाढकृष्णषष्ठी**

यस पत्रको चर्चा हेमराज शाक्य २०५२:६४ मा ३२ सङ्ख्याको सामग्रीको रूपमा गरिएको छ ।

## १० सङ्ख्या

**ने.सं. ५४७ (वि.सं. १४८३) द्विपौषकृष्णद्वादशी**

यस पत्रको चर्चा हेमराज शाक्य २०५२:६५ मा ३८ सङ्ख्याको सामग्रीको रूपमा गरिएको छ ।

## ११ सङ्ख्या

**ने.सं. ५५५ (वि.सं. १४९१) प्रथमपौष...**

यस पत्रको फ्याक्सिमिलि हेमराज शाक्य २०५२:१५८ मा छापिएको छ । त्यहीँ ६६ मा ५० सङ्ख्याको सामग्रीको रूपमा यस पत्रको चर्चा गरिएको छ । यो पत्र महेशराज पन्त २०५७ घ:९-१० मा छापिएको छ ।

## १२ सङ्ख्या

**ने.सं. ५६X (वि.सं. ...) प्रथमाषाढकृष्णप्रतिपदा**

यो पत्र महेशराज पन्त २०५७ घ:२३-२४ मा छापिएको छ ।

## १३ सङ्ख्या

**ने.सं. ५७४ (वि.सं. १५११) द्विराषाढकृष्णत्रयोदशी**

यो पत्र महेशराज पन्त २०५७ घ:३७ मा छापिएको छ ।

## १४ सङ्ख्या

**ने.सं. ५७७ (वि.सं. १५१३) नष्टकार्तिकशुक्लद्वितीया**

यस पत्रको चर्चा हेमराज शाक्य २०५२:६९ मा ७५ सङ्ख्याको सामग्रीको रूपमा गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



## १५ सङ्ख्या

**ने.सं. ५८५ (वि.सं. १५२१) प्रथमपौषशुक्लचतुर्थी**

यो पत्र महेशराज पन्त २०५७ ट:१७-१८ मा छापिएको छ।

## १६ सङ्ख्या

**ने.सं. ५९६ (वि.सं. १५३२) प्रथमपौषशुक्लपञ्चमी[३]**

यो पत्र महेशराज पन्त २०५७ ट:२९ मा छापिएको छ।

## १७ सङ्ख्या

**ने.सं. ५९६ (वि.सं. १५३२) द्विपौषकृष्णपञ्चमी**

यो पत्र महेशराज पन्त २०५७ ट:३२ मा छापिएको छ।

## १८ सङ्ख्या

**ने.सं. ५९८ (वि.सं. १५३५) प्रथमाषाढशुक्लद्वितीया**

यो पत्र महेशराज पन्त २०५७ ट:४०-४१ मा छापिएको छ।

## १९ सङ्ख्या

**ने.सं. ५९८ (वि.सं. १५३५) अधिकाषाढकृष्णतृतीया**

यो पत्र महेशराज पन्त २०५७ ट:४१-४२ मा छापिएको छ।

## २० सङ्ख्या

**ने.सं. ६०१ (वि.सं. १५३८) द्विराषाढकृष्णचतुर्थी**

यो पत्र महेशराज पन्त २०४२:४४ मा छापिएको छ।

## २१ सङ्ख्या

**ने.सं. ६०४ (वि.सं. १५४०) द्विपौषकृष्णप्रतिपदा**

यो पत्र पूर्णरत्न वज्राचार्य २०४५:८४-८५ मा छापिएको छ।

## २२ सङ्ख्या

**ने.सं. ६x४[४] नष्टफाल्गुनशुक्लसप्तमी**

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई ९२७/१७

३. ने.सं. ५९५ (वि.सं. १५३२) आश्विनकृष्णपञ्चमीको ताडपत्रको पछाडि यो अंश लेखिएको छ। पूरा ताडपत्र महेशराज पन्त २०५७ ट:२८-२९ मा छापिएको छ।

४. नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको कार्डमा यस लिखतपत्रको पाठ दिँदा यसको मिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu



---

सम्वत् ६X४ नष्टफाल्गुणशुक्ल ॥ सप्तम्यां तियौः, जगगा बेच्नेको नाउँ (क्री)र्त्तिशिंह बर्म्मनस र वतनचाहिँ ललितब्रुमायां भनी पढिएको छ। पाटनका कीर्तिसिंहले जगगा बेची गरिदिएको यस फार्छेपत्रमा दशस्थानी अङ्क नष्ट भई अगाडिपछाडिका ६ र ४ मात्र देखिने यताबाट स्पष्ट हुन्छ। पाटनका यी कीर्तिसिंह वर्मा पाटनका प्रधानमहापात्र कीर्तिसिंह वर्मा हुन सक्ने यताबाट देखिन गएको छ।

ती कीर्तिसिंहको ने.सं. ५९८ (वि.सं. १५३५) वैशाखकृष्णप्रतिपदाको,[1] ने.सं. ६०० (वि.सं. १५३६) चैत्रशुक्लतृतीयाको,[2] ने.सं. ६०१ (वि.सं. १५३७) फाल्गुनशुक्लद्वादशीको[3] लिखत भेट्टाइएकोले र ने.सं. ६०१ (वि.सं. १५३८) द्विराषाढकृष्णचतुर्थीको यक्ष मल्लको लिखतपत्रमा उनी साक्षी बसेको देखिएकाले;[4] उनका छोरा[5] कुसुमसिंहको नाउँ ने.सं. ६१४ (वि.सं. १५५१) वैशाखशुक्लद्वितीयाको[6] लिखतपत्रमा जग्गाको चारकिल्ला खुलाउँदा आएकोले, रत्न, रण, अरि र भीम मल्लको ने.सं. ६१५ (वि.सं. १५५२) ज्येष्ठकृष्णत्रयोदशीको ताम्रशासनमा बाबु कीर्तिसिंहको नाउँ नपरी छोरा कुसुमसिंहको नाउँ परेकोले,[7] ने.सं. ६१८ (वि.सं. १५५५) श्रावणकृष्णचतुर्थीको लिखतपत्रमा[8] कुसुमसिंह साक्षी बसेकाले, उनको ने.सं. ६१९ (वि.सं. १५५५) चैत्रशुक्लत्रयोदशीको लिखतपत्र पाइएकोले[9] र ने.सं. ६२० (वि.सं. १५५७) वैशाखशुक्लद्वितीयाको दिन सारिएको एउटा पुस्तकमा राजाहरूको नाउँसँगै पाटनका महापात्रहरूको नाउँ दिँदा कुसुमसिंहको नाउँ पनि कीर्तिसिंहका छोरा भनी दिइएकोले[10] ने.सं. ६१४ (वि.सं. १५५१) वैशाखदेखि मात्र बाबु कीर्तिसिंहको सट्टा छोरा कुसुमसिंहको नाउँ आउन थालेको देखिन्छ। यस कारण दशस्थानी अङ्क नष्ट भएको, ने.सं. ६X४ नष्टफाल्गुनशुक्लसप्तमीको यो लिखतपत्र ने.सं. ६०४ वा ६१४ को हो कि भनी अडकल गर्न सकिन्छ।

पाटनका कीर्तिसिंह वर्माले आफ्नो हकभोगको जग्गा काठमाडौँको लुमडी पीठलाई बेचेको कुरा प्रमाणित गर्न लेखिएको यस लिखतपत्रमा बेचिएको जग्गाको चारकिल्ला खुलाउँदा दक्षिणपट्टिका सँधियारको नाउँ दिँदा शृंखलीकार[11] जयतेजको नाउँ आएको छ। यक्ष मल्लले लुमडीको विशेष पूजाको व्यवस्था गरी लेखिदिएको, ने.सं. ५९४ (वि.सं. १५३०) फाल्गुनको लिखतपत्रमा[12] गुठियारहरूमा जयतेज आवक्रमिको नाउँ पनि आउँछ।[13] अवालेलाई नेवारीमा त्यसताका आवक्रमि र

---

१. मोहनप्रसाद खनाल २०४०:१८४।
२. महेशराज पन्त २०६० क:१६-१७।
३. मोहनप्रसाद खनाल २०४०:१८६-१८७। कीर्तिसिंहले आफ्ना माहिला छोरा कुसुमसिंह बिरामी हुँदा उनलाई सञ्चो होओस् भन्ने कामना गरी चाँगुनारायणलाई चढाइएको गहनामा यो अभिलेख कुँदिएको छ।
४. महेशराज पन्त २०४२:४४-४५।
५. मोहनप्रसाद खनाल २०४०:१८६।
धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९:मूलभाग २, ८-११।
६. महेशराज पन्त २०५७ ङ:३८।
७. देविचन्द्र श्रेष्ठ २०५९:५७-५८।
८. शङ्करमान राजवंशी २०४१:५५-५६।
९. शङ्करमान राजवंशी २०४१:५६-५७।
१०. धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९:मूलभाग ६-७।
११. नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको कार्डमा स्वंखलीकार लेखिएको छ। यो शृंखलीकार हुनु धेरै सम्भव छ।
१२. यो ताडपत्र भाँचिएकोले यहाँ खालि साल र महीना मात्र देखिन्छ।
१३. महेशराज पन्त २०५६ क:११।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



---

त्यसताका यतातिर चलेको संस्कृतमा **छानालाई शृङ्ग्ली**[१४] र **अवालेको** खास पेशा भिँगटी बनाउने[१५] भएकोले **शृङ्ग्लीकार**[१६] भनिन्थ्यो । यस कारण लुमडीका विशेष पूजाको व्यवस्था गरेको कुरा भएको, ने.सं. ५९४ को लिखतपत्रमा देखिएका **जयतेज आवक्रमि** र लुमडीलाई नै बेचिएको जग्गाका सँधियार, हाम्रा **शृंखलीकार जयतेज** एकै देखिन्छन् । काठमाडौं टेबहाल बस्ने **शृंखलीकार जयतेज भारोलाई** ने.सं. ५९८ (वि.सं. १५३४) फाल्गुनशुक्लतृतीयाको दिन जग्गा बेच्दा लेखिएको फार्छेपत्र पाइएको छ ।[१७] काठमाडौं टेबहालका **शृंखलीकार जयतेज भालाई** उनैकी छोरी पदुंमयीले आफ्नो डेढ रोपनी जग्गा बेच्दा लेखिएको, ने.सं. ६०६ (वि.सं. १५४३) द्विराषाढकृष्ण-अष्टमीको फार्सेपत्र तल २३ सङ्ख्याको रूपमा हामी छाप्दैछौं । यसरी यी जयतेज ने.सं. ५९४[१८] देखि ६०६

---

१४. *गोपालराजवंशावली* भनी आजभोलि कहलाएको *राजभोगमाला*मा **छानाको** अर्थमा **शृङ्ग्लीकै** अपभ्रष्ट रूप ठाउँठाउँमा आएको छ ।[१]

१५. कोलिन रोसर २०२२/२३:८६ ।

१६. ने.सं. ४८४ (वि.सं. १४२०) मार्गकृष्णचतुर्दशीको लिखतपत्रमा **शिखिलीकार,**[२] ने.सं. ५६५ (वि.सं. १५०२) आश्विनकृष्णनवमीको लिखतपत्रमा **सिंखलिकार**[३] र ने.सं. ५९५ (वि.सं. १५३१) माघशुक्लचतुर्थीको लिखतपत्रमा **संखहिकार, सिखहिकार, सिंखहिकार** आएको पनि मैले देखेको छु ।[४] यी सबै रूप, **सिकलिकार**[५] र आजभोलि चलनचल्तीमा भएको सिक्रीकार[६] **शृङ्ग्लीकार**[७]का अपभ्रष्ट रूप हुन् भनी भनिरहनुपर्दैन ।

१७. महेशराज पन्त २०५७ ट:३७-३८ ।

१८. तेदोबहारमा चन्द्रमूर्तिको[८] स्थापना गरेको कुरा लेखिएको, ने.सं. ५८३ (वि.सं. १५१९) कार्तिकपूर्णिमाको टेबहालको एउटा

---

१. १९ ख पत्रका ४-५ पङ्क्तिमा र २१ ख पत्रको ५ पङ्क्तिमा **सङ्ग्ली**, २६ क पत्रको २ पङ्क्तिमा **संखली** र २७ क पत्रको २ पङ्क्तिमा **शंखली** (धनवज्र वज्राचार्य र कमलप्रकाश मल्ल २०४२) ।

२. महेशराज पन्त २०५०:५१-५२ ।

३. महेशराज पन्त २०५७ घ:१८ ।

४. महेशराज पन्त २०५७ ट:२७ ।

५. हेमराज शाक्य २०४२:१२ ।

६. टढ टी. लुइस २०५१:४७ ।

७. गोकुलचन्द शास्त्री २०३७:७-८ मा *जातिमाला*को ७ श्लोकमा **सृङ्खली** र त्यसैको *तपसिल*मा **सृग्वली-अवाल्** लेखिएको छ । त्यहां **सृग्वलीमा ग्वको** ठाउंमा **ख** हुनुपर्ने मैले ठानेको छु । गोकुलचन्द शास्त्री २०३७ लाई हाइको फ्रेज २०५९:२५८-२५९ मा रोमन लिपिमा उतार्दा भ्रींगार्टसाइ गरिएको छ । हाइको फ्रेज २०५९:२८७ मा त्यही दोहरिएको छ ।

८. मूर्तिको पादपीठमा कुँदिएको अभिलेखमा **थापितोऽयं निशाकरः** भनी लेखिएकोले यो मूर्ति चन्द्रको हो भनी स्पष्ट बुझिन्छ तापनि कसैकसैले यसलाइं सूर्यमूर्ति भनेकाले यस विषयमा केही लेखिहाल्नुपरेको छ ।

शङ्करमान राजवंशी २०२३:१३ मा यक्ष मल्लको ३२ सङ्ख्याको लिखतको रूपमा यस अभिलेखको केही अंश छाप्दा त्यहां यसलाई **चन्द्रमाको पादपीठको अभिलेख** भनी लेखिएको छ । डिल्लीरमण रेग्मी २०२२:४३५ मा यक्ष मल्लको ४० सङ्ख्याको लिखतको रूपमा यस शिलालेखको तिथिमिति दिंदा यसलाई चन्द्रमूर्तिको पादपीठमा कुंदिएको भनी लेखिएको छ । डिल्लीरमण रेग्मी २०२३ क:१ खण्ड ७८ मा ६९ सङ्ख्याको अभिलेखको रूपमा पूरै अभिलेख छपाउंदा भने यो अभिलेख सूर्यमूर्तिको पादपीठमा छ भनी लेखिएको छ । एउटै अभिलेखलाई कहिले चन्द्रमूर्तिको पादपीठको र कहिले सूर्यमूर्तिको पादपीठको भनी डिल्लीरमण रेग्मीले लेखेको यताबाट देखिन गएको छ । जगदीशचन्द्र रेग्मी २०३०:२०५ मा र २०५८:१९९ मा यस मूर्तिलाई चन्द्रमाको भनी लेखिएको छ । लूछ्रयाह्रो पेतेक २०४०:१७४ मा यक्ष मल्लको ३५ सङ्ख्याको लिखतको रूपमा यस अभिलेखको केही अंश दिंदा यसलाई चन्द्रमूर्तिको पादपीठको अभिलेख भनी लेखिएको छ । हरिराम जोशी २०३७:२१-२२ मा यो अभिलेख दिंदा यसलाई **सूर्य मूर्तिको पादपीठ लेख** भनी **कैफियतमा प्रस्तुत पादपीठ लेख ... मा निशाकर स्थापना गरेको कुरा वर्णित भएबाट निशाकर शब्दले चन्द्रमाको साथै सूर्यलाई पनि बुझाउने कुराको पत्तो हुन्छ** भनी लेखिएको छ ।

**टेबहाल गई त्यो मूर्ति र त्यसको पादपीठमा कुंदिएको अभिलेख हेर्दा आएको निष्कर्ष छोटकरीमा यस प्रकारको छ**+ –

**डिल्लीरमण रेग्मी २०२३ क:१ खण्ड ७८ मा सूर्यको पादपीठमा कुंदिएको भनी ६९ सङ्ख्याको रूपमा छपाइएको अभिलेख र त्यहीं ७८-७९ मा चन्द्रको पादपीठमा कुंदिएको भनी ७० सङ्ख्याको रूपमा छपाइएको अभिलेख भिन्नाभिन्नै नभई एउटै भएको र डिल्लीरमण**

---

\+ यो मूर्ति र यसको पादपीठमा कुंदिएको अभिलेखको विषयमा म छुट्टै लेख लेख्दैछु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



---

सम्मका[१०] लिखतपत्रमा देखिएकाले दशस्थानी अङ्क नष्ट भई दायाँबायाँका ६ र ४ मात्र देखिएको हाम्रो लिखतपत्रको संवत् ने.सं. ६०४ नै हो भन्नमा बढी बल मिल्न गएको छ।

तर यहाँनिर केही अप्ठेरो परेको छ। त्यो के हो भने नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको कार्डमा यस लिखतपत्रको संवत् ६X४ लेखिए तापनि यसको माइक्रोफिल्मको आधारमा यहाँको शतस्थानी अङ्क ६ नै हो भनी ठोकेर भन्न सकिँदैन। अधिमास बुझाउन महीनाको अगाडि यहाँ **प्रथम, द्वि/द्वितीय** जस्ता शब्द नआई **नष्ट** शब्द आएको र महीनामा आषाढ वा पौष नलेखी फाल्गुन लेखिएकोले यस लिखतपत्रको अधिमास पुरानो

---

अभिलेखमा **जयतेजजु** भन्ने नाउं पनि आएको छ।[९] यस शिलालेखमा जयतेजको जात नखुलाइए तापनि टेबहालका यी जयतेजजु पनि तिनै अवाले जयतेज नै हुनु धेरै सम्भव छ।

१९. काठमाडौंको तेदोखात भन्ने ठाउंको बन्धकी राखेको जग्गाको चारकिल्ला खुलाउंदा ने.सं. ५९५ (वि.सं. १५३१) माघशुक्लचतुर्थीको एउटा लिखतपत्रमा संधियारहरूमा **जयतेज भारो** भन्ने नाउं पनि आएको छ। त्यहां यिनको जात भने खुलाइएको छैन।[१०] त्यसै गरी तल हामीले २३ सङ्ख्याको रूपमा छपाउन लागेको लिखतपत्रसंग सम्बद्ध, त्यही दिनको, तल हामीले २४ सङ्ख्याको रूपमा छपाउन लागेको लिखतपत्रमा पनि जात नखुलाई **जयतेज भा** मात्र लेखिएको छ। यस कारण ने.सं. ५९५ का जयतेज पनि अवाले जयतेज नै हुन् भन्ने देखिन्छ।

---

रेग्मीले एउटै अभिलेखको एउटा अंश ६९ सङ्ख्याको रूपमा, अर्को अंश ७० सङ्ख्याको रूपमा छपाएको र कुनै अंशचाहिं दुवैतिर पारेको देखियो।[१]

सातवटा घोडा नारिएको रथमा सूर्य चढ्छन् भन्ने पौराणिक विश्वास[२]अनुसार सूर्यका पर्यायमा सप्ताश्व[३] अर्थात् सात घोडा भएको भन्ने शब्द चलेकोले र टेवहालको सो मूर्ति पनि ७ वटा वाहनमाथि उभिएकोले त्यो मूर्ति सूर्यको हो कि भन्ने भ्रम डिल्लीरमण रेग्मीलाइं परेको र हरिराम जोशीले चाहिं त्यसकै आधारमा त्यही मूर्तिको पादपीठको शिलालेखमा त्यो मूर्ति **निशाकर**को हो भनी भन्दा भन्दै **निशाकर** शब्दले सूर्यलाइं पनि बुझाउंदो रहेछ भनी बुझुक्याइं छाटेको यताबाट देखिन्छ।

त्यो मूर्ति जुन ७ वटा वाहनमाथि उभिएको छ, ती वाहन घोडा नभई हाँस हुन् भनी भन्न अलिकति विचार गरी हेर्ने जोसुकैले पनि सक्छ। **७ वटा हाँसमाथि चन्द्र विराजमान हुने** शास्त्रीय वचन[४] र त्यसको उदाहरण व्यवहारमा पनि पाइने[५] हुनाले **निशाकर**को अर्थ हाँसोउठ्दो ढङ्गले सूर्य भन्ने गरी त्यस मूर्तिलाई सूर्यको मूर्तिमा दर्ता गर्ने जरूरत छँदै छैन, बरु कस्ता कस्ता महालण्ठ पनि नेपालको इतिहासको अन्वेषण गरी टोपल्ने काममा लागेका रहेछन् भन्ने पो देखिन आएको छ।

